निर्णय नं. १

चौतारा साँगाचोकगढी नगरपालिकाको मिति २०८१ माघ २७ गते बसेको ३८ औं नगर कार्यपालिका बैठकको निर्णय उपर छलफल तथा समिक्षा गरियो।

निर्णय नं. २

नेपाल सरकारको विशेष अनुदानबाट संचालित रोक्काटोल लिफ्ट खानेपानी योजना (सार्की गाउँ), (वडा नं. १३) निरन्तर रुपमा कार्यान्वयनमा रहेकोमा आ.व. २०८०/०८१ मा Reservoir Tank लगायतको कामको लागि ठेक्का आह्वान भई कार्य सम्पन्न भएको र आ.व. २०८१/०८२ मा ईण्टेक र लिफ्टको लागि ठेक्का आह्वान भई कार्य सम्पन्न हुन लागेको अवस्था छ। सो परियोजनामा विद्युत आपूर्तिको लागि नेपाल विद्युत प्राधिकरण, लामोसाँघु वितरण केन्द्रसँग समन्वय गर्दा विद्युत आपूर्तिको प्रणाली नेपाल विद्युत प्राधिकरणबाट बनाउने सहमति भई ठेक्का आवह्वानमा सो विषय समाहित नगरेकोमा हाल नेपाल विद्युत प्राधिकरणबाट एक ट्रान्फर्मर उपलब्ध गराउन सकिने तर आपूर्ति प्रणालीमा दुईवटा ट्रान्फर्मर आवश्यक भएको हुँदा नगरपालिकाबाट खर्च व्यहोर्नु पर्ने भनी ल.ई. प्राप्त भएकोले खानेपानी जस्तो संविधानको मौलिक हकमा समावेश गरेको विषयमा ढिलासुस्ती गर्न नहुने भएको हुँदा नेपाल विद्युत प्राधिकरणबाट प्राप्त हुन आएको ल.ई. रु. २७,७६,८७९।- (सत्ताइस लाख छैहत्तर आठ सय उनानअसी रुपैया) स्वीकृत गर्ने र सो रकम नेपाल विद्युत प्राधिकरणको खातामा सिधै भुक्तानी गर्ने निर्णय गरियो। उक्त रकम सो परियोजनाको लागि प्राप्त विशेष अनुदानबाट खर्च गर्ने र सोको पुर्ण जिम्मेवारी कार्यपालिकामा रहने गरी नगरपालिका कार्यालयलाई खर्च गर्ने अख्तियारी दिने निर्णय गरियो।

निर्णय नं. ३

मिति २०८१ साल पौष २८ गतेको १७ औं नगर सभाको निर्णयानुसार सुकुटे क्षेत्रलाई पर्यटकीय क्षेत्र घोषणा गरी पर्यटक शुल्क उठाउने विषयमा अर्को निर्णय नभए सम्मका लागि सिन्धु सुकुटे पर्यटन व्यवसायी संघ मार्फत् शुल्क लिने गरी सम्झौता अगाडी बढाउन नगरपालिका कार्यालयलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ४

वडा नं. ३ कार्यालयको च.नं. ४०२, मिति २०८१/११/१५ को पत्रानुसार आ.व. २०८१/०८२ को वार्षिक नगर विकास योजनामा स्वीकृत वडा नं. ३ को योजना तथा कार्यक्रम एवं बजेट मध्ये तपशिलका योजना तथा कार्यक्रम एवं बजेट संसोधनका लागि पेश हुन आएकोमा उक्त संसोधन स्वीकृत गर्ने निर्णय गरियो ।

| क.सं. | साविकको योजना/संसोधन हुनु भन्दा अगाडीको शिर्षक | साविकको विनियोजित बजेट | हालको योजना/संसोधन गरिएको योजना शिर्षक | हाल विनियोजित बजेट |
|---|---|---|---|---|
| १. | उन्नत विरुवा वितरण कार्यक्रम (सि.नं. ४.२) | ४००००० | भुस्लुङ देविथान मोटरबाटो मर्मत | १००००० |
| | | | बाँसबोटे निमोटे सिंचाइ कुलो मर्मत | १००००० |
| | | | सिंचाइ पाइप खरिद | १००००० |
| २. | विपद् व्यवस्थापन | १००००० | खम्बे तामाङ विपद् व्यवस्थापन | ४०००० |
| | | | शिरे तामाङ विपद् व्यवस्थापन | ४०००० |
| ३. | आर्य आर्जन (सि.नं. ४.१) | ४००००० | खाले मेलडाँडा खस्रे सडक स्तरोन्नती | २००००० |
| | | | बासेकुना ढुंगानाडाँडा सडक | २००००० |
| ४. | लक्षित वर्ग (आयआर्जनको लागि उन्नत विरुवा वितरण कार्यक्रम) (सि.नं. १६) | ४००००० | गोदाङ बाँझो खेत सिंचाइ | १००००० |
| | | | हुन्द्रङखोला पहिरो नियन्त्रण | २००००० |
| ५. | स्वास्थ्य वीमा कार्यक्रम अनुदान | ५००००० | भलायाखर्क पँधेरो खानेपानी मर्मत | १४५००० |

निर्णय नं. ५

चौतारा साँगाचोकगढी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ वार्षिक योजना तथा कार्यक्रम एवं बजेट मध्ये देहाय बमोजिमको योजना तथा कार्यक्रम एवं बजेट रकमान्तर/संसोधन गर्ने निर्णय गरियो।

| क्र.सं. | साविकको योजना/संसोधन हुनु भन्दा अगाडीको शिर्षक | साविकको विनियोजित बजेट | हालको योजना/संसोधन गरिएको योजना शिर्षक | हाल विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १. | वडा नं.१, २ र ३ मा कृषि विशेष कार्यक्रम संचालन | ११००००० | आयआर्जनका लागि कृषकबाट २५ प्रतिशत र कार्यालयबाट ७५ प्रतिशत अनुदानमा मौरी सहितको घार वितरण कार्य | ४००००० | हाल विनियोजित कुल बजेट ७,००,००० |
| २. | आयआर्जनको लागि साझेदारीमा उन्नत जातका फलफुलको विरुवा वितरण कार्यक्रम, वडा नं. ३ | ३००००० | | ३००००० | |
| ३. | चण्डेश्वरी महिला सहकारी भवन, वडा नं. ६ | ४००००० | गौराती भिमेश्वर वडा महिला सञ्जाल, वडा नं. ६ (बाखा वितरण कार्यक्रम) | ४००००० | |
| ४. | दमकल मर्मत (२०८१ पौष २८ गतेको निर्णय नं. २६ को क्र.सं. १५) | ९००००० | बनदेउमा सि.सि.टि.भी. जडान कार्य | १००००० | |
| ५. | नौमती बाजा तालिम तथा सामाग्री खरिद कार्यक्रम (वडा नं. ४ र १४) | ८००००० | सिलाई बुनाई तालिम, वडा नं. ४ | ४००००० | |
| ६. | मागमा आधारित कार्यक्रम (कृषि तर्फको) | ४००००० | उन्नत तथा प्रगतिशील कृषि पशुपालन फर्मद्वारा मौरीपालन तालिम संचालन तथा घार वितरण कार्यक्रम, वडा नं. ८ | ४००००० | |
| ७. | पकेट विकास प्रवर्दन फलोअप कार्यक्रम (आ.व. २०८०/०८१ मा स्थापना भएका पकेट) | ५००००० | मिनि कोल्ड स्टोर स्थानान्तरण, वडा नं. १० (सुकुटेबाट कार्कीटार स्थानान्तरण) | ३००००० | |
| ८. | पशु उपभार स्थल निर्माण कार्यक्रम | ५००००० | टार खेत सिंचाइ कुलो निर्माण, वडा नं. ७ | ५००००० | |
| ९. | भिमटार खानेपानी, वडा नं. ११ | १५००००० | भिमटार बस्तीको अधुरो गोरेटो बाटो निर्माण, वडा नं. ११ | ११००००० | |
| | | | भिमटार खानेपानी तथा सिंचाइका लागि पाइप खरिद, वडा नं. ११ | ४००००० | |

निर्णय नं. ६

नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नगर विकास योजनामा स्वीकृत वडा नं. ४ को योजना तथा कार्यक्रम एवं बजेट मध्ये तपशिलका योजना तथा कार्यक्रम एवं बजेट संसोधनका लागि पेश हुन आएकोमा उक्त संसोधन स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र.सं. | साविकको योजना/संसोधन हुनु भन्दा अगाडीको शिर्षक | साविकको विनियोजित बजेट | हालको योजना/संसोधन गरिएको योजना शिर्षक | हाल विनियोजित बजेट |
|---|---|---|---|---|
| १. | सल्लेधारा सिंचाई ट्याङ्की निर्माण | ५००००० | जनकल्याण घट्टेकुवा मोटरबाटो सोलिङ | ५००००० |